# नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद विक्री) विनियमावली, २०७६

दूरसञ्चार ऐन, २०५३ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणले देहाय बमोजिमका विनियमहरु बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी विनियमहरुको नाम "नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद विक्री) विनियमावली, २०७६" रहेको छ ।

(२) यो विनियमावली प्राधिकरणबाट निर्णय भएको मितिबाट प्रारम्भ हुनेछ ।

(३) यो विनियमावली अनुमतिपत्र प्राप्त व्यक्तिको चुक्ता पूँजिको पाँच प्रतिशत भन्दा बढि शेयर खरिद बिक्री गर्न प्राधिकरणको स्वीकृति लिने दिने प्रयोजनको लागि मात्र लागू हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमाः -

(क) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले "दूरसञ्चार नियमावली, २०५४" लाई बुझाउनेछ ।

(ग) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले ऐन बमोजिम सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सेवा प्रदायक समेतलाई जनाउनेछ ।

(घ) "अनुमतिपत्र दिने व्यक्ति" भन्नाले ऐनको दफा ३ (२) बमोजिम गठित "नेपाल दूरसञ्चार प्राधिकरण" लाई सम्झनु पर्छ ।

(ङ) "व्यक्ति" भन्नाले ऐन बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति, कम्पनी वा संस्थालाई बुझाउनेछ ।

(छ) "शेयर" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर पूजीको विभाजित अंश सम्झनु पर्छ ।

(ज) "शेयरधनी" भन्नाले शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ सो शब्दले नेपालमा दर्ता रहेको अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर धारण गर्ने विदेशी कम्पनीको शेयर धारण गर्ने कम्पनी (Offshore Company ) समेतलाई जनाउनेछ ।

३. **जानकारी गराउनुपर्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर लिएको व्यक्तिहरुको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशबण्डा भएमा प्रचलित कानूनको रित पुऱ्याई निजहरुको हकदार वा निजहरुको इच्छाईएको व्यक्तिको नाममा नामसारी गरी सो को लगत विवरण पन्ध्र दिनभित्र प्राधिकरणलाई जानकारी दिनु पर्नेछ ।

४. **शेयर नामसारी वा खरिद बिक्रि गर्न सक्ने:** अनुमतिपत्र प्राप्त व्यक्तिको प्रचलित कानुनको अधीनमा रही शेयर धारण गर्ने व्यक्तिले आफ्नो स्वामित्वमा रहेको शेयर देहाय बमोजिम रित पुऱ्याई नामसारी वा विक्री गर्न सक्नेछ :

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्ना शेरयधनीको शेयर खरिद बिक्री वा नामसारी गर्नुपूर्व प्राधिकरणको स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

(ख) स्वीकृतिको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको सञ्चालक समितिको सिफारिस सहित प्राधिकरणमा आवेदन गर्नु पर्नेछ ।

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले पूँजि वृद्धिको लागि थप शेयर खरिद विक्री गर्ने भएमा शेयर खरिद विक्रीको लागि साधारण सभा/विशेष साधारण सभाबाट भएको निर्णयको प्रतिलिपि समेत संलग्न गरी निवेदन दिनुपर्नेछ ।

(घ) शेयर खरिद विक्रिको लागि निवेदन प्राप्त भएको मिति वा थप विवरण माग गर्नुपर्ने भएमा थप विवरण प्राप्त भएको मितिले सामान्यतया १ (एक) महिना भित्र प्राधिकरणबाट शेयर खरिद विक्रीको लागि पूर्व स्वीकृति प्रदान गरिनेछ ।

५. **संलग्न गर्नुपर्ने कागजात:** (१) विनियम ४ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद बिक्रीको लागि प्राधिकरणसंग स्वीकृति माग गर्दा देहायको कागजात संलग्न गरी स्वीकृति माग गर्नु पर्नेछ:

(क) शेयर खरिद गर्न चाहने व्यक्तिको आयस्रोत सम्बन्धी विवरण,

(ख) प्राकृतिक व्यक्ति भए नागरिकताको प्रमाण पत्र, स्थायी लेखा नम्वर प्रमाण पत्र, विदेशी नागरिक भए सम्बन्धित देशबाट जारी भएको राहदानी र आवश्यकता पर्ने भएमा नेपाल प्रवेशाज्ञा सम्बन्धी कागजात,

(ग) शेयर खरिद गर्न वा विक्रि गर्न चाहने कम्पनी वा संस्था वा निकाय वा कृतिम व्यक्तिले आ-आफ्नो दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, सञ्चालक र शेयरधनीको अद्यावधिक विवरण

(घ) शेयर खरिद विक्रीको लागि स्वीकृति माग गर्न अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने,

(ङ) शेयर खरिद गर्ने व्यक्तिको व्यक्तिगत विवरण पेश गर्नुपर्ने,

(च) अनुसूची-२ मा तोकिएको शेयर खरिद गर्ने व्यक्तिले पूरा गर्नु पर्ने मापनका आधारहरु पूरा गरेको स्वःघोषित कागजात पेश गर्नुपर्ने,

(छ) शेयर खरिद विक्री गर्न तय भएको शेयरको मूल्य खुल्ने अनुसूची ३ बमोजिम प्रस्तावित शेयर खरिद विक्रीनामा,

(ज) शेयर लागत मूल्य र खरिद विक्री मूल्य खुलेको शेयर खरिद विक्रीको लागि भएको द्विपक्षीय सम्झौता (Share Purchase Agreement) को प्रतिलिपि,

६. **शेयर नामसारी वा विक्री गर्न नहुने:** (१) देहायका अवस्थामा कुनै पनि व्यक्ति वा संस्थालाई अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर नामसारी वा बिक्रि गर्न पाईने छैन :

(क) प्रचलित कानुन बमोजिम कालो सूचीमा परेको,

(ख) कालोसूचीबाट फुकुवा भएको कम्तीमा तीन वर्ष पूरा नभएको,

(ग) शेयर खरिद विक्रीको लागि स्वीकृति माग गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिको अघिल्लो आर्थिक वर्ष सम्मको वित्तीय विवरण लेखापरीक्षण नभएको,

(घ) शेयर खरिद वा विक्रीको लागि स्वीकृति माग गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिसंग कुनै किसिमको ठेक्कापट्टामा संलग्न रहेको,

(ङ) अघिल्लो आर्थिक वर्ष सम्मको कर चुक्ता नभएको वा स्थायी लेखा लेखा नम्बर नियमित नगरेको,

७. **कर, दस्तुर, सेवा शुल्कः** शेयर खरिद गर्ने शेयरको मुल्य र सम्बन्धित निकायहरुमा लाग्ने कर, दस्तुर, सेवा शुल्क प्रचलित कानून बमोजिम हुनेछ ।

८. **विदेशी कम्पनीको प्रमाणपत्र (Offshore Company):** नेपालमा दर्ता रहेको अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर धारण गर्ने विदेशी कम्पनी (Offshore Company) को तत् तत् देशमा दर्ता रहेको प्रमाण पत्र (Certificate of Incorporation) पेश गर्नु पर्नेछ ।

९. **स्वघोषणा गर्नु पर्नेः** शेयर खरिदकर्ताले अर्को सेवा प्रदायकमा कानून प्रतिकुल दोहोरो लगानी (Cross Holding) नरहेको स्वघोषणा गर्नु पर्नेछ ।

१०. **पालना गर्नु पर्नेः** अनुमतिपत्र प्राप्त व्यक्ति वा सोको शेयर खरिद गर्ने व्यक्तिले ऐन, नियमावली, प्राधिकरणबाट जारी भएको विनियमावली, प्राधिकरणबाट जारी भएको निर्देशिका, परिपत्र तथा यससंग सम्बन्धित निर्णय पालना गर्नु पर्नेछ ।

११. **निवेदन दस्तुरः** शेयर खरिद वा विक्री स्वीकृतिको लागि निवेदन दस्तुर वापत रु. १००।- बुझाउनु पर्नेछ ।

१२. **खारेजी र बचाउः** (१) यो विनियमावली लागू हुनुभन्दा पहिले शेयर खरिद विक्री सम्बन्धमा प्रधिकरणबाट अवलम्बन गरिएको यस सम्बन्धी प्रक्रिया यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची-१

श्री नेपाल दूरसञ्चार प्राधिकरण,
कानून शाखा,
कमलादी, काठमाडौं ।

बिषयः शेयर खरिद बिक्री गर्न स्वीकृति पाउँ

महोदय,
त्यस प्राधिकरणबाट अनुमतिपत्र नं. ……………………… मिति ……………….. बाट अनुमतिपत्र प्राप्त व्यक्तिको रुपमा दर्ता रहेको ……………………. (अनुमतिपत्र प्राप्त व्यक्तिको नाम) मा कायम रहेको ……………. को नाति …………. को छोरा …………………….. बस्ने वर्ष ……. को …………….. ( शयेरधनीको नाम) (शेयर धारक कुनै कृत्रिम व्यक्ति भएमा सोको विवरण उल्लेख गर्ने) नाममा कायम रहेको शेयर बिक्री गर्न र ……………………. को नाति …………………….. को छोरा ……………………………. बस्ने वर्ष ………. को ……………….. (शेयर खरिदकर्ताको नाम) (शेयर खरिदकर्ता कुनै कृत्रिम व्यक्ति भएमा सोको विवरण उल्लेख गर्ने) ले खरिद गर्न नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद बिक्री सम्बन्धी विनियमावली, २०७६ बमोजिमको पूर्व स्वीकृतिको लागि यो निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात थान ……. संलग्न छन् । (नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद बिक्री सम्बन्धी विनियमावली, २०७६ मा तोकिए बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ)

भवदीय
शेयर बिक्रीकर्ताको विवरणः
नामः
ठेगानाः
टेलिफोन :
इमेल ठेगाना : दस्तखत : …………
मिति :

शेयर खरिदकर्ताको विवरणः
नामः
ठेगानाः
टेलिफोन :
इमेल ठेगाना : दस्तखत : …………
मिति :

## अनुसूची-२

## शेयर खरिदकर्ताको लागि पूरा गर्नुपर्ने शर्त मापनका आधारहरु

(क) २१ बर्ष उमेर पूरा भएको,

(ख) मानसिक सन्तुलन ठीक भएको,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा नपरेको,

(घ) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(ङ) कालोसूचीमा परी त्यस्तो कालोसूचीबाट फुकुवा भएको कम्तीमा तीन बर्ष पूरा भएको,

(च) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच बर्ष पूरा भएको,

(छ) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय नपाएको,

(ज) शयेर खरिद बिक्रिको लागि स्वीकृति माग गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिसंग कुनै किसिमको ठेक्कापट्टामा संलग्न नभएको,

(झ) दूरसञ्चार नियमावली, २०५४ को व्यवस्था बमोजिम दोहोरो लगानी नभएको ।

## अनुसूची-३

## शेयर खरिद बिक्रीको प्रस्तावित लिखत

लिखितम्................जिल्ला,.....................महा.न.पा/उप.महा.न.पा/न.पा/गा.पा. वडा नं ......... बस्ने वर्ष ........... को .............. आगे कसैको हक नलाग्ने कसैलाई कुनै व्यहोराले केही गरी नदिएको मेरो एकलौटी हक भोगको र मेरो स्वामित्वको .....................(कम्पनीको नाम) को कित्ता नं ........ देखि ............. सम्मको .............. थान शेयर सोको हालसम्म प्रति कित्ता रु.............का दरले भुक्तानी भएको रकम रु ..........................।- समेत बुझिलिई आजैका मितिदेखि उल्लिखित शेयरले खामेसम्मको सम्पूर्ण दायित्व व्यहोरी भोगचलन गर्न पाउने गरी तपाई ..................................लाई यो शेयर विक्री लिखत गरिदिएँ । उक्त शेयर कम्पनीबाट आफ्नो नाममा नामसारी गराई भोग चलन गर्नुहोला । उक्त शेयर तपाईको नाममा नामसारी हुन नसके वा कुनै कारणबश कच्चा ठहरे मैंले बुझिलिएको रकम प्रचलित कानून बमोजिम असुल उपर गरी लिनुहोला भनी मेरो मनोमान खुशी राजीसँग कम्पनीको रजिष्टर्ड कार्यालयमा बसी यो शेयर विक्रीको लिखत गरी दिएँ ।

साक्षी :

१.

२.

बिक्रेताको दस्तखत :- ..............................

नाम :

औंठाको छाप :

दायाँ वाँया

इति सम्बत् २०....साल ....... महिनाको.......... गते रोज.......... शुभम्............